# जलेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जलेश्वर महोत्तरी,मधेश प्रदेश, नेपाल

कार्यालय:०४४–५२००८७
फैक्स :०४४–५२०१४३
बारूणयन्त्र:०४४–५२००९७


पत्र संख्या:- २०८०/०८१
चलानी नं.:- ९४६

मिति:- २०८०/०८/१२

विषयः विवरण उपलब्ध गराईदिने सम्बन्धमा।

श्री वडा कार्यालय (१-१२) सबै,
जलेश्वर नगरपालिका ।

उपरोक्त सम्बन्धमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपालको च.नं. ९१ मिति २०८०/०८/०६ गतेको प्राप्त पत्र यसै साथ संलग्न रहेको छ। सो पत्रबाट व्यहोरा अवगत भई सो सन्दर्भमा उल्लेखित संस्थाद्वारा संचालनमा रहेको पहुच परियोजना अन्तर्गत यस जलेश्वर नगरपालिका अन्तर्गतका वडाहरूमा सामाजिक सुरक्षा भत्ता पाउन योग्य तर छुटेका लाभग्राहिहरूको तथ्याङ्क संकलन गरिने तथा सो संकलन भई आएका विवरण सम्बन्धित वडाले बुझ्ने र ती विवरणहरूलाई सामाजिक सुरक्षा भत्ता प्रणालीमा प्रविष्ट गरि सामाजिक सुरक्षा भत्ता तर्फ समावेशीकरण बढाउने लगायतका कार्यहरू रहेको हुदाँ प्रत्येक वडाबाट तथ्याङ्क संकलनको लागी सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरणको निमित गठन भएको गुनासो सुनवाई समितीको महिला सदस्यको नाम सिफारिस गरि यस नगरकार्यपालिकाको कार्यालयमा यथासिघ्र पठाई दिनु हुन समेत अनुरोध छ ।

.....................

प्रि. प्रमुख प्रशासकीय अधिकृत

स.क.प.आ.नं.: १५५२१

जि.प्र.का.द.नं ६६३/०६२/०६३

"समुदायको भावना, दिगो विकास तथा पारदर्शिताको चाहना"

# सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल

(Community Development & Advocacy Forum Nepal)

केन्द्रिय कार्यालय, वर्दिवास, महोत्तरी, नेपाल

(Central Office, Bardibas, Mahottari, Nepal)

"CSO with accredited status with the Conference of the Parties to the UNCCD"

पत्र संख्या : २०८०/०८१

चलानी नं. : ६१

मिति :२०८०/०८/०६

श्रीमान् नगर प्रमुख ज्यू,
जलेश्वर नगरपालिकाको कार्यालय, जलेश्वर

जलेश्वर नगर पालिका कार्यालय
जलेश्वर
दर्ता नम्बर. ९६२३
दर्ता मिति २०८०।८।१५

**बिषय : जानकारी गराईएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबास, महोत्तरी र सेभ द चिल्ड्रनको साझेदारीमा महोत्तरी जिल्लाको औरही, भंगहा र लोहरपट्टी नगरपालिकामा संचालित **"पहुच"** परियोजना विभिन्न संरचनासँग आबद्ध भई संचालनमा रहेको व्यहोरा जानकारीको लागी सहर्ष अनुरोध गर्दछौं साथै उक्त परियोजना अन्तर्गत महोत्तरी जिल्ला भरीको १५ वटा पालिकाहरु मध्ये बर्दिबास र गौशालामा समाजिक सुरक्षा भत्ता पाउन योग्य तर छुटेका लाभग्राहीहरुको तथ्याङ्क संकलान भई सकेको हुँदा अन्य बाँकीका १३ वटा पालिकाहरुमा सोही तथ्याङ्क संकलन गर्नु पर्ने तथा सो तथ्याङ्कको एक प्रती वडा कार्यालयलाई बुझाउने भएको हुदाँ प्रत्येक वडा वाट तथ्याङ्क संकलनको लागी सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरणको निमित गठन भएको गुनासो सुनुवाई समितीको महिला सदस्यको नाम उपलब्ध गराई दिनु हुन तथा आवश्यक सहयोग, सहकार्य तथा समन्वय गरी दिनु हुन यसै पत्रका साथ हार्दिक अनुरोध गर्दछौं ।

सहयोग तथा सहकार्यको लागी धन्यवाद ।

बोधार्थ,
१. प्रशासन शाखा
२. पञ्जिकरण शाखा
२. वडा कार्यलयहरु

श्री प्र. प्र. अ. ... 

सुशिल ढकाल
कार्यकारी निर्देशक

Tel: +97744 -550285 , Mobile: +977-9854022997/9744003659
Email : nagdevyadav@gmail.com, cdafnmahottari@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१
फ्याक्स : ४२११५६३

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-०७६/७७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९२७२

मितिः २०७६/११/१९

श्री स्थानीय तह, सबै ।

**विषयः समिति गठन सम्बन्धमा ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६) बमोजिम स्थानीय तहमा देहाय बमोजिम समिति गठनसम्बन्धी व्यवस्था भएकोले सो बमोजिम समिति गठन गरी कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ ।

**(क) स्थानीय तहमा समन्वय समिति**

१. प्रमुख वा उपप्रमुख - अध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत, नगर/गाउँपालिका - सदस्य
३. प्रमुखले तोकेको एक जना वडा अध्यक्ष - सदस्य
४. सामाजिक विकास, शिक्षा, स्वास्थ्य आदि हेर्ने कर्मचारी मध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना - सदस्य
५. पञ्जीकरण हेर्ने शाखा प्रमुख - सदस्य सचिव

**(ख) गाउँपालिका र नगरपालिकाको गुनासो सुनुवाई समिति**

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य
३. सम्बन्धित शाखा हेर्ने गरी तोकिएको कर्मचारी - सदस्य सचिव

**(ग) वडा कार्यालयको गुनासो सुनुवाई समिति**

१. वडा अध्यक्ष - संयोजक
२. वडा अध्यक्षले तोकेको वडा सदस्य (महिला) - सदस्य
३. वडा सचिव - सदस्य सचिव

माथि उल्लिखित समितिका काम, कर्तव्य र अधिकार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६) मा रहेको व्यहोरा समेत अनुरोध छ ।

२०७६/११/१९
काशीराम शर्मा
(शाखा अधिकृत)